बैठक संख्याः- ३४

आज मिति २०८० साल साउन ३२ गते विहिबारका दिन विर्तामोड नगरपालिकाको कार्यपालिका बैठक नगर प्रमुख श्री पवित्रादेवी महतारा प्रसाईज्यूको अध्यक्षतामा वसि निम्न बमोजिमको उपस्थितिमा निम्न विषयमा छलफल गुरी निम्न निणर्यहरु गरियो ।

उपस्थिती

| सि.नं | पद | नाम, थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री पवित्रादेवी महतारा प्रसाई | |
| २ | नगर उप-प्रमुख | श्री नगेन्द्र प्रसाद संग्रौला | |
| ३ | १ नं.का.वडा अध्यक्ष | श्री योगचन्द्र आङवुहाङ्ग | |
| ४ | २ नं.का.वडा अध्यक्ष | श्री ओमनाथ गौतम | |
| ५ | ३ नं. वडा अध्यक्ष | श्री मदन बुढाथोकी | |
| ६ | ४ नं. का.वडा अध्यक्ष | श्री निर्मला देवी सुनार | |
| ७ | ५ नं. वडा अध्यक्ष | श्री रोहित प्रसाई | |
| ८ | ६ नं. वडा अध्यक्ष | श्री सुर्य प्रसाद कन्दङ्गवा | |
| ९ | ७ नं. वडा अध्यक्ष | श्री कृष्ण प्रसाद खरेल | |
| १० | ८ नं. का.वा.वडा अध्यक्ष | श्री ईन्दिरा पाण्डे | |
| ११ | ९ नं. वडा अध्यक्ष | श्री हरि प्रसाद चौलागाई | |
| १२ | १० नं. वडा अध्यक्ष | श्री दुर्योधन गुरुङ्ग | |
| १३ | कार्यपालिका सदस्य | श्री यमुना देवी आचार्य | |
| १४ | कार्यपालिका सदस्य | श्री तिला गौतम | |
| १५ | कार्यपालिका सदस्य | श्री लक्षिमा खतिवडा | |
| १६ | कार्यपालिका सदस्य | श्री संगिता सिवा | |
| १७ | कार्यपालिका सदस्य | श्री जगतवन्धु राजवंशी | |
| १८ | कार्यपालिका सदस्य | श्री सिता ढुङ्गाना वि.क. | |
| १९ | कार्यपालिका सदस्य | श्री शर्मिला राजवंशी | |
| २० | सदस्य सचिव | श्री तिलचन भण्डारी | |

**निर्णय नं १.** बिर्तामोड नगरपालिकाको मिति २०८०।०३।१३ गते सम्पन्न नगर सभाको अधिवेशनबाट पारित भएको चालु आ.ब. ०८०/८१ को आर्थिक ऐनमा सम्पत्ति करमा केही बृद्धि र बिस्तार भएकोमा नगरबासी करदाताहरुबाट असन्तोष, गुनासा र विरोधहरु आएको सन्दर्भमा हाल देशमा आएको आर्थिक मन्दी र नागरिकमा आएको नैरास्यता समेतलाई मध्यनजर गर्दै चालु आ.ब.का लागि पारित भएको सम्पत्ति करको बृद्धि र विस्तारलाई स्थगन गरी अघिल्लो आ.ब. सरह नै कर संकलन गर्ने गरी आर्थिक ऐन २०८० संशोधनका लागि नगरसभाको विशेष अधिवेशन बोलाउने निर्णय गरियो।

**निर्णय नं २.** सम्पत्ति करको बृद्धि र विस्तारलाई पुनः संशोधन गरी साबिक बमोजिम नै हुने गरी कायम गर्दा सो बाट चालु आ.ब. को लागि प्रस्ताव गरिएको आन्तरिक स्रोतको रकम न्यून हुने हुदाँ सोही अनुपातमा योजना तथा कार्यक्रमहरु समेत संशोधन गर्ने निर्णय गरियो।